नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## सिंहदरबार, काठमाडौं

(प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखा)

पत्र सङ्ख्याः २०८२/८३ चलानी नं: ६९

नेपाल संवत् ११४६

वि.सं.- २०८३।०१।२२

विषयः ट्रेड युनियनका कार्यालय बन्द गर्ने सम्वन्धमा।

श्री मन्त्रालय/विभाग/आयोग/सचिवालय/निकायहरू (सबै),

प्रस्तुत विषयमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८३ बाट निजामती सेवा ऐन, २०४९ को दफा ५३ मा रहेको ट्रेड युनियन सम्बन्धी व्यवस्था खारेज भएको व्यहोरा विदितै छ।

उक्त सन्दर्भमा, तहाँ तथा अन्तर्गतका निकायहरूमा रहेका निजामती कर्मचारीसँग सम्वन्धित ट्रेड युनियन (आधिकारिक ट्रेड युनियन समेत) का विभागीय तथा अन्य समितिका कार्यालयहरू बन्द गरी, उक्त समिति र समितिमा आवद्ध रहेका कर्मचारीहरुले ट्रेड युनियनको प्रयोजनका लागि कार्यालय भवन, कार्यकक्ष, सवारी साधन लगायतका अन्य सेवा सुविधा तथा सरकारी सम्पत्ति उपयोग गरेको भए सम्बन्धित कार्यालयले फिर्ता लिई ट्रेड युनियनका विभिन्नस्तरका समितिमा आवद्ध भएका कर्मचारीहरुलाई तोकिएको दरवन्दी अनुसारको कार्य जिम्मेवारीमा खटाउने व्यवस्था मिलाउनु हुन मिति २०८३/०१/२२ को सचिवस्तरीय निर्णयानुसार अनुरोध छ।

2083/1/22

(विवेक विडारी)

शाखा अधिकृत

**बोधार्थः**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,

सिंहदरवार काठमाडौं।

फोन: ४२००२९१ फ्याक्स: ४२००३२२ Email: info@mofaga.gov.np